# "विशिष्ट युवा प्रतिभा सम्मान तथा प्रोत्साहन"' कार्यक्रम कार्यान्वयन कार्यविधि , २०७९

स्वीकृत मितिः २०७९।०६।०६

<u>प्रस्तावनाः</u> आजको युग युवाहरुको युग हो । युवाहरु नै परिवर्तनका संवाहक हुन् । युवाहरु नै आविष्कारका जननी हुन् । युवाहरु नै चेतनाको दियो हुन् । युवाहरुले नयाँ र सृर्जनात्मक कार्य गरेनन् भने देश कहिलै पनि आधुनिकता तर्फ धकेलिंदैन । युवाहरुले नै नयाँ नयाँ सृजनात्मक खोज तथा नविनतम कार्य गरी देशलाई प्रगति र विकासको वाटोमा धकेल्न सक्दछन् । तसर्थ यस्तै अनुकरणीय र विशिष्ट कार्य गरेका यस प्रदेश भित्रका १३ जिल्लाका ५ व्यक्तिहरुलाई उत्कृष्ट र नविनतम कार्य गरे वापत सम्मान र प्रोत्साहन दिने यस प्रदेश युवा परिषद्को आ.ब. २०७९।०८० को स्वीकृत कार्यक्रम रहेको र सो कार्यक्रमलाई पारदर्शी, व्यवस्थित, नतिजामुलक बनाउने र प्रभावकारी रुपमा कार्यक्रम संचालन गरी उत्कृष्ठ युवाहरुलाई सम्मान गर्न सकियोस भनि युवा तथा खेलकुद मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यो कार्यविधिको नाम "' विशिष्ट युवा प्रतिभा सम्मान तथा प्रोत्साहन"' " कार्यक्रम कार्यान्वयन कार्यविधि , २०७९ रहेको छ ।

२) यो कार्यविधि मन्त्रालयले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

२<u>. परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा –

क) "'विशिष्ट युवा प्रतिभा सम्मान तथा प्रोत्साहन"' कार्यक्रम प्रदेश युवा परिषद्ले प्रदेश भित्रका विशिष्ट प्रतिभा भएका ५ जना युवाहरुलाई सम्मान गर्ने कार्यक्रम सम्झनु पर्दछ ।

ख) "परिषद्" भन्नाले प्रदेश युवा परिषद् सम्झनु पर्दछ ।

ग) "छनौट समिति" भन्नाले प्रदेश युवा परिषद्को कार्यकारी उपाध्यक्षको संयोजकत्वमा गठित समिति सम्झनु पर्दछ ।

घ) “मन्त्रालय” भन्नाले बागमती प्रदेशको युवा तथा खेलकुद मन्त्रालय वा यस कार्यालयको सरोकारवाला मन्त्रालय सम्झनु पर्दछ ।

ङ.)"विशिष्ठ प्रतिभा" भन्नाले व्यवसायिक नविनता, रचनात्मक वा सम्बन्धित विधामा उदाहरणिय एवंम अतुलनिय कार्य गरी राष्ट्रको गौरवलाई समुन्नत तुल्याउने कार्य गरेको व्यक्ति सम्झिनु पर्दछ । यसले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा ख्याति प्राप्त गरेको, रेकर्ड कायम गरेको, खोज तथा नवीनतम कार्य, उत्कृष्ठ कार्य वा विशिष्ट कार्य गरेको युवालाई समेत जनाउनेछ । जो आगामी दिनमा अन्य युवाहरुको लागि अनुकरणिय हुन सकोस ।

घ) "युवा" भन्नाले १६-४० उमेर समूहका व्यक्तिलाई सम्झनु पर्दछ ।

ङ_ "कार्यालय" भन्नाले प्रदेश युवा परिषद् रहेको हेटौडा, मकवानपुर स्थित कार्यालयलाई सम्झनु पर्दछ ।

च) "जिल्ला युवा समिति" भन्नाले युवा तथा खेलकुद मन्त्रालय, बागमती प्रदेश तथा प्रदेश युवा परिषद्, बागमती अन्तरगत रहेको जिल्ला युवा समितिलाई जनाउने छ ।

३. <u>उद्देश्यः</u>

क) प्रदेश भित्रका विशिष्ट प्रतिभा भएका युवाहरुलाई सम्मान र प्रोत्साहन गर्ने ।

ख) विशिष्ट तथा अनुकरणिय कार्य गर्नको लागि युवा उत्प्रेरित हुने ।

ग) युवाले आफ्नो पहिचान स्थापित गर्न सफल हुने ।

४. <u>लक्षित वर्गः</u>

(१) यस बागमती प्रदेश भित्रका ५ जना विशिष्ट प्रतिभा तथा राष्ट्रका लागि योगदान दिएका युवाहरु ।

(२) बागमती प्रदेशमा बसोवास गरिरहेको हुनु पर्ने ।

(३) देशको लागि केही विशिष्ट, सृजनशिल, उल्लेखनिय तथा अनुकरणिय कार्य गरेको हुनुपर्ने ।

(४) निम्न क्षेत्र तथा विधाहरुवाट विशिष्ट प्रतिभाको छनौट गरिनेछ ।

१. विज्ञान तथा सूचना प्रविधि २. कला, संस्कृति र साहित्य सृजना ३. स्वास्थ्य/ सुरक्षा तथा समाजसेवा ४. शिक्षा, रोजगारी( उद्योग/ उद्यमशिलता/ व्यवसाय) ५. खेलकुद तथा मनोरञ्जन ६. राष्ट्रिय तथा अन्तरराष्ट्रिय क्षेत्रमा नेपाललाई चिनाउन गरिएका योगदान र कार्यहरु ७. लागु पदार्थ तथा दुर्व्यसन नियन्त्रण ८. वातावरण संरक्षण तथा दिगो विकास ९. कृषि तथा पशुपालन व्यवसाय १०. अन्य विधाहरु..

५<u>. जिल्ला युवा समितिले गर्नुपर्ने कार्यः</u>

(१) आफ्नो जिल्ला भित्र रहेका युवाहरुलाई सूचना सम्प्रेशण गरी निवेदन दिन उत्प्रेरित गर्ने ।

(२) आफ्नो जिल्लावाट बढीमा तीन जनाको नाम शिफारिस गरी पठाउने ।

(३) शिफारिस गरि पठाइएका युवाहरु १६-४० उमेर समुहको हुनुपर्नेछ । र यसको अद्यावधिक विवरण जिल्ला युवा समितिले यस परिषद् मा पठाउनु पर्नेछ ।

६. <u>विशिष्ट प्रतिभा छनौटका आधारहरुः</u>

(१) तोकिएका क्षेत्रहरु मध्ये कुनै क्षेत्रमा महत्वपूर्ण योगदान पुर्याउने युवा, युवा समूह वा संस्थालाई प्रदेश युवा विशिष्ट प्रतिभा सम्मानका लागि छनौट गर्न देहायका आधारहरु हुनेछन्

(१) युवा र युवा समूहका लागि न्युनतम आधारहरुः

(क) सोह्र वर्ष पुरा भई चालीस वर्ष ननाघेको नेपाली नागरिक हुनुपर्ने ।

(ख) कुनै फौजदारी अभियोगमा दोषी नठहरिएको ।

(ग) बागमती प्रदेश भित्र बसोवास भएको ।

(२) संस्थाका लागि न्यूनतम आधारहरुः

(क) प्रचलित कानून बमोजिम दर्ता भई अद्यावधिक नविकरण भएको ।

(ख) युवाको हक हितको संरक्षण र सम्बर्धन तथा विकासको क्षेत्रमा महत्वपूर्ण योगदान पुर्याएको युवा संघ संस्था हुनु पर्ने ।

(ग) कम्तीमा २ वर्ष देखि युवाको क्षेत्रमा क्रियाशिल रहेको ।

(घ) १६ देखि ४० वर्षको युवाद्वारा नेतृत्व गरिएको ।

(ङ) कालो सूचिमा नपरेको

(२) आफु प्रतिभा पुरस्कारवाट सम्मानित हुन लायक छु भनि निज स्वयंले निवेदन दिनु पर्नेछ वा पुरस्कृत गर्न लायक भनि यस कार्यविधि बमोजिम गठित समितिलाई लागेमा बिना कागजात र निवेदनमा पनि सोझै प्रतिभा छनौट गर्न यस समितिले सक्नेछ ।

३) निजले गरेको कार्य र प्राप्त सम्मानका प्रमाणपत्र तथा पत्रिकाका कटिङहरु सँगसँगै संलग्न गर्नुपर्नेछ ।

(४) साथै स्थानिय निकाय, जिल्ला समन्वय समिति तथा राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्था हरुले आफ्नो शिफारिसमा विशिष्ट युवा प्रतिभा पुरस्कारको लागि सम्पूर्ण वायोडाटा, कागजातहरु र प्रमाण सहित शिफारिस गरेमा सो समेत यस पुरस्कारको लागि योग्य मानिने छ ।

(५) जिल्ला युवा समितिहरुले छनौट गरी पठाएको नामावली साथमा निज युवा नै छनौट हुनुको कारण के हो? प्रष्ट खुल्नुपर्नेछ । निजले गरेको अनुकरणिय कार्य सम्बन्धी पूर्ण कागजपत्र उपलब्ध गराउनु पर्नेछ ।

क_ मूल्यांकनका आधारहरुः

(१) प्राप्त आवेदन / प्रस्तावको आधारमा धैरै आवेदन पर्न आएमा निम्न पूर्णाङ्कको आधारमा मूल्याङ्कन गरिनेछ ।

| क्र.स. | मूल्यांकनका आधारहरु | अंक |
|---|---|---|
| १ | अनुकरणात्मक, प्रेरणाप्रद कार्य वापत | २० |
| २ | श्रृजनशीलता, मौलिकता र नवीनता | २० |
| ३ | योगदानले पारेको सामाजिक प्रभाव | २० |
| ४ | प्राथमिकता तथा विशेष प्राथमिकताको समुहमा पारेको प्रभाव | २० |
| ५ | गाउँ पालिकाको सम्मानित हुने व्यक्ति, संस्था भएमा १० र नपा उमानपा मानपामा बसोवास भएमा ५ | १० |
| ६ | प्रमाणपत्र तथा पत्रिकाको कटिङ र सेलिब्रेटी | १० |
| | जम्मा | १०० |

(५) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि यस कार्यविधि अनुसार गठित छनौट समितिले कुनै युवाहरुको निवेदन प्राप्त भए पनि वा नभए पनि वा योग्य/अयोग्य र पुरस्कृत गर्न/ नगर्न कुनै बुँदाले बाधा पुर्याउने छैन । समितिले गरेको निर्णय नै सर्वमान्य हुनेछ।

७. <u>सूचना प्रकाशनः</u> (१) विशिष्ट युवा प्रतिभा सम्मान तथा प्रोत्साहन कार्यक्रममा सहभागी हुनको लागि यस कार्यालयले राष्ट्रिय दैनिक पत्रिकामा ३० दिनको सूचना प्रकाशन गर्नेछ । र जिल्ला युवा समितिमा निवेदन दिएका युवा तथा जिल्ला युवा समितिले यस परिषद् मा ४५ दिन भित्र सम्पूर्ण कागजातको विवरण र निवेदन उपलब्ध गराउनु पर्नेछ ।

२) उपदफा (१) को सूचना प्रकाशन पश्चात सहभागी हुन चाहने युवाहरुले अनुसूची १ बमोजिमको ढाँचामा प्रस्ताव यस कार्यालयमा तोकिएको समयमा पेश गर्नुपर्नेछ । अथवा जिल्ला युवा समितिको कार्यालयमा बुझाउनु पर्नेछ ।

(३) कुनै संघ, संस्था, स्थानिय निकाय, जिल्ला समन्वय समिति मार्फत तथा व्यक्तिगत तवरवाट शिफारिस हुने भएमा पनि सम्बन्धित व्यक्तिको मन्जुरिनामा/सहमती सहितको पत्र पेश गर्नुपर्नेछ

(४) युवा प्रतिभा छनौट समितिः तोकिएको मिति भित्र प्राप्त निवेदन/ प्रस्ताव पेश भै कार्यालयमा प्राप्त भएका प्रस्ताव मूल्याङ्कन गरी छनोट गर्न देहायको युवा प्रतिभा छनोट समिति रहनेछ ।

| | | |
|---|---|---|
| क) | कार्यकारी उपाध्यक्ष, प्रदेश युवा परिषद् | अध्यक्ष |
| ख) | यस कार्यालयको सरोकारवाला मन्त्रालयको अधिकृत प्रतिनिधि | सदस्य |
| ग) | प्रदेश युवा परिषद्को कार्यालयको प्रमुख | –सदस्य सचिव |

(५) छनौट समितिले मन्त्रालयका तथा सरोकारवाला कार्यलयका वा विशेषज्ञको रुपमा गरी बढीमा ५ जनालाई आमन्त्रण गर्न सक्नेछ ।

(६) युवा प्रतिभा छनौट समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(७) युवा प्रतिभा छनौट समितिलाई प्राप्त निवेदन/प्रस्ताव र शिफारिस तथा उपयुक्त लागेका विशिष्ठ प्रतिभाहरुको सम्मान तथा प्रोत्साहनका लागि शिफारिस गर्न सक्ने वा नसक्ने पूर्ण अधिकार निहित रहेको छ । र कोटा संख्या ५ भन्दा वढी वा घटी संख्यामा युवाहरु लाई सम्मान गर्न सक्नेछ ।

८<u>. सम्मानः</u> (१) युवा प्रतिभा छनौट समितिबाट छनौट भएका युवाहरुलाई ७ दिन अगावै खबर गरी आफै उपस्थित हुने गरी विशेष समारोहका बीचमा ताम्रपत्र सहित सम्मानित र नगद पुरस्कारवाट पुरस्कृत गरिनेछ । पुरस्कार तथा सम्मान राशी प्रतिव्यक्ति रु ५००००।०० ( अक्षेरुपी रु पचास हजार र सम्मान पत्र रहेको छ ।)

९. <u>प्रतिवेदनः</u> (१) युवा प्रतिभा छनौट पश्चात र सम्मान पश्चात कर्यालयले प्रतिवेदन तयार गरी सुरक्षित राख्नेछ ।

१०. लेखा परीक्षणः (१) युवा प्रतिभा पहिचान  कार्यक्रमको लेखा प्रणाली नेपाल सरकारले तोकेको ढाँचामा राख्नु पर्नेछ ।

११. अनुगमन तथा मूल्याङ्कनः (१) गरिएका कार्यहरुको सरोकारवाला मन्त्रालयवाट अनुगमन हुन सक्नेछ ।

२) प्रदेश स्तरबाट प्रदेश सरकार, युवा तथा खेलकुद मन्त्रालयबाट अनुगमन, निरीक्षण गरी पृष्ठपोषण एवं सुझाव दिन सक्नेछ ।

१२. दण्ड सजायः (१)  युवाहरुले गलत कागजात पेश गरी छनौटमा सहभागी भएमा तथा शिफारिस गर्ने संघ संस्थाले गलत शिफारिस गरेमा नेपाल सरकारको कानुन बमोजिम कारवाही हुनेछ । .

१३. विविधः यस कार्यविधि बमोजिम कार्यक्रममा आवश्यक सहयोग गर्नु सम्बन्धित सवैको कर्तव्य हुनेछ ।

१४. निर्देशनको पालनाः  सघ, प्रदेश तथा स्थानीय सरकारले दिएको निर्देशनको पालना गर्नु पर्नेछ ।

१५. कार्यविधि  संसोधन गर्न सक्नेः  आवश्यकता अनुसार मन्त्रालयले कार्यविधि संसोधन गर्न सक्नेछ

१६. वाधा अड्काउ फुकाउने : यो कार्यक्रम कार्यान्वयनमा कुनै बाधा आइपरेमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ ।

अनुसूची १

(दफा ७ को उपदफा २ संग सम्बन्धित )

युवा प्रतिभा पहिचानको लागि प्रस्तावको ढाँचा

श्रीमान् कार्यकारी उपाध्यक्षज्यू

प्रदेश युवा परिषद्को कार्यालय , हेटौडा, मकवानपुर ।

महोदय

त्यस कार्यालयबाट मिति .................... मा ...........................दैनिकमा प्रकाशित सूचना अनुसार म युवा प्रतिभा पुरस्कारको निम्ती लायक भै सम्मानका लागि ईच्छा भएकोले निम्न विवरण सहित देहायका कागजातहरु संलग्न गरी यो प्रस्ताव पेश गरिएको छ ।

१. युवा प्रतिभाको नाम र ठेगानाः . सम्पर्क नंः इमेलः

२.आफ्नो सम्पूर्ण व्यक्तित्व झल्किने परिचयः

२. पारिवारिक अवस्थाः

३. समाज र राश्ट्रलाई पुर्याएको योगदानः

सपोर्ट गर्ने कागजातहरुः

१ सहभागी व्यक्तित्वको खाता रहेको बैंकको नामः २. खाता नंः

प्रष्ठ खाता नं. देखिने चेकको प्रतिलिपी उपलब्ध गराउनुपर्ने

हस्ताक्षर

नाम टेगाना

मितिः